चिङ्गाड गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
अवलचिङ्ग, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

## नदिजन्य पदार्थ उत्खनन गरी बिक्री वितरण तथा आन्तरिक निकासी गर्ने कार्यको कोटेसन पेश गर्ने सम्बन्धी सूचना

(प्रकाशित मिति : २०७९/०६/०७ गते)

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ घ (१), घ (२), र घ (६) मा भएको व्यवस्था, नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि - २०७७, यस सम्बन्धि प्रचलित एन नियम र गाउँ सभाको निर्णय बमोजिम यस चिङ्गाड गाउँपालिकाले तोकिएको नदि र खोलाहरुको स्वीकृत स्थानहरुबाट निर्धारित मापदण्ड वमोजिम नदिजन्य पदार्थ उत्खनन गरी चिङ्गाड गाउँपालिकाले तोकेको दरमा विक्री गर्नेगरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोहुँदा यो सूचना प्रकाशन गरिएको छ ।

**शर्तहरु**

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७७/०७८ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीसाथ निवेदन पेश गरि मितिः २०७९/०६/१३ गते समय १२:०० बजे सम्म दर्ता गर्न सकिनेछ ।

२. BOQ भर्दा कवोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

३. BOQ मा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, प्रोपराइटरको नाम, फोन नं समेत स्पष्ट खुलाई फर्मको छाप लगाई सूचना प्रकाशित भएको मितिले ७ औं दिन २०७९/०६/१३ दिनको १२.०० वजे भित्र दर्ता गर्न सकिने छ ।

४. रीतपूर्वक पर्न आएका दरभाउ पेश गर्ने अन्तिम दिनको २०७९/०६/१३ दिनको १:०० वजे विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै ठेकेदार वा निजको प्रतिनिधि दरभाउ खोल्ने समयमा उपस्थित नभएमा दरभाउ खोल्न बाधा पर्ने छैन । उक्त दिन विदा परेमा उल्लेखित कार्यहरु विदा पछि कार्यालय खुलेको दिनको १ बजे खोलिने छ ।

५. नदिजन्य पदार्थहरु नदीलाई नै घाटगद्दी स्थल तोकि सोही निर्धारित स्थलवाट मात्र उत्खनन तथा विक्री वितरण गर्नुपर्ने।

६. दरभाउपत्र सम्बन्धी विस्तृत जानकारीका लागि यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

७. म्याद नाघी, रीत नपुगी र/वा शर्तसहित पेश हुन आएका दरभाउपत्रहरु स्वीकार गर्न यस कार्यालय वाध्य हुनेछैन । दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा खरिद प्रक्रिया रद्ध गर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार ठेक्का वन्दोवस्त गरिनेछ ।

९. यस गाउँपालिकाका नदि तथा खोलाहरुको उत्खनन क्षेत्र र उत्खनन परिमाणका सन्दभर्मा स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा ११ घ (१), घ (२), र घ (६) मा भएको व्यवस्था, यस सम्बन्धि प्रचलित एन नियम, नदिजन्य निर्माण सामाग्रीहरुको उपयोग सम्बन्धमा भएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) एवं नेपाल सरकारबाट भएका निर्देशनहरु, वा उल्लेखित प्रावधान विपरित हुने गरी कार्य गर्न पाईने छैन ।

१०. साथै यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन यस सम्झौताको अभिन्न अंग रहनेछन् । (नोट : विस्तृत जानकारीको लागि यस कार्यालयको www.chingadmun.gov.np मा समेत हेर्न सकिनेछ ।)

**तपसिल**

| सि.नं. | कामको विवरण | उत्खनन परिमाण (घन मिटर) | न्यूनतम ठेक्का रकम (सेवाशुल्क र मू.अ. कर वाहेक) |
|---|---|---|---|
| १ | ढुङ्गा, गिट्टी, र वालुवा उत्खनन, सङ्कलन तथा विक्री वितरण | ५४८६.४ | ३८७,५०१.१४ |

योजना अधिकृत
कृष्ण बहादुर थापा
योजना अधिकृत